# वैशाख सिम्फोनी

आभास

स्वर लहरी
सार्फ
फ्ल्याट
एकमुष्ट
रगतपच्छे
भाकामा नयाँ तरङ्ग

'सा' उम्लिएर भक्भक्
तरल बग्यो
'सा'सितै बगे
सहस्र स्वर

लौ यस्तो कहिल्यै भएको थिएन

'रे' यसरी कहिल्यै रेटिएको थिएन
यसरी रक्ताम्य भएकै थिएन

'ग'को गला
यसरी कहिल्यै खुलेको थिएन
यस्तो स्वर्णिम गड्गडाहट गुञ्जेकै थिएन

लौ यस्तो कहिल्यै भएको थिएन

'म'को मध्यमार्गमा
यसरी शक्तिप्रवाह भएकै थिएन
यस्तो शक्तिशाली भएकै थिएन 'म'

'प'ले पञ्चभूतलाई
यसरी पछारेकै थिएन
यस्तो प्रहार भोगेकै थिएन पञ्चभूतले
यसरी घाइते भएकै थिएन

लौ यस्तो अद्भूत भएकै थिएन
यस्तो कहिल्यै भएको थिएन

'ध'जस्तो धनेले
यसरी
गल्ली गल्ली
सडक सडक
थर्कने आवाज
उरालेकै थिएन
धरमरहरूलाई
यसरी धकेलेकै थिएन

निषाद
यसरी निर्धक्क
कुर्लेकै थिएन
निषादको निर्णय
यस्तो क्षमतावान भएकै थिएन

लौ यस्तो कहिल्यै भएको थिएन

स्वरहरूले
यसरी 'जी क्लेफ' बेगरै
नयाँ सिम्फोनी रच्ने
चुनौति सिर्जेकै थिएन
'जी क्लेफ'को केन्द्रविन्दु
यसरी कहिल्यै हल्लेको थिएन

स्वर लहरी
सार्फ
फ्ल्याट
एकमुष्ट
रगतपच्छे
सहस्र स्वरका रगतले
कुनै वैशाखमा पनि
यस्तो सिम्फोनी लेखिएकै थिएन ।

१ जेठ, २०६३